२०८०।०९।१६

# लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, एयर ट्राफिक सर्भिसेस/ई. एण्ड टे.कम./एभिएशन फायर सर्भिसेस/सिभिल इन्जिनियरिङ्ग/ईलेक्ट्रिकल इन्जिनियरिङ्/एयरवर्दिनेश, नवौं, प्रबन्धक पदको आन्तरिक तथा खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०९।१६

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : प्रशासन र व्यवस्थापन

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. आजको विश्वव्यापी बढ्दो प्रतिस्पर्धात्मक परिदृश्यमा मानव स्रोत व्यवस्थापनको सान्दर्भिकता र महत्वमाथि प्रकाश पार्दै यसको व्यवस्थापन खास गरी प्राप्ति, विकास र उपयोगमा मानव स्रोत व्यवस्थापकको भूमिका कस्तो हुनुपर्छ? उल्लेख गर्नुहोस् । ५+५=१०

२. नेपालको सार्वजनिक प्रशासनमा संवेगात्मक बौद्धिकता (Emotional Intelligence) को अवस्था चर्चा गर्दै प्रभावकारी नेतृत्वका लागि यसको किन आवश्यकता पर्छ? लेख्नुहोस् । ५+५=१०

३. विश्वव्यापीकरणको अवधारणा प्रष्ट पार्नुहोस् । नेपालको आर्थिक विकासमा विश्वव्यापीकरणले पारेको सकारात्मक र नकारात्मक प्रभावको चर्चा गर्दै यसबाट प्राप्त उपलब्धिहरूको संक्षिप्त विवेचना गर्नुहोस् । २+५+३=१०

४. जनतासँग प्रत्यक्ष सम्बन्धित सार्वजनिक सेवा प्रवाह भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाइ शासन व्यवस्थामाथि जनताको विश्वास अभिबृद्धि गर्न राज्यले विभिन्न प्रयासहरू गरेको छ । सेवा वितरणमा स्वच्छता र पारदर्शिता कायम गरी नागरिकलाई विश्वासिलो र भरोसायोग्य सेवा प्राप्तिको अनुभूति दिलाउन आधुनिक प्रविधिको प्रयोग सहितको सुधार र आधुनिकीकरणका कार्यक्रमहरूमा राज्यको मनग्य लगानी पनि भएको छ । सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढ र प्रभावकारी बनाउन उच्चस्तरीय समिति बनाइ सुझाव पनि संकलन गर्ने गरिएको छ । जनसरोकारका अत्यन्त संवेदनशील विषयहरूसँग सम्बद्ध सेवा प्रवाहमा गम्भीर लापरवाही हुँदा जनता र सरकारबीच सम्बन्ध सुमधुर हुन नसकी जनविश्वास टुट्न जाने स्थिति पैदा हुन्छ । यसबाट सरकारलाई जनताको नजिक ल्याउने उद्देश्यले सार्थकता पाउन नसक्ने हुन्छ । यस पृष्ठभूमिमा नेपालमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने मानवीय संवेदनासँग सम्बन्धित आधारभूत सेवा प्राप्तिमा सेवा प्रवाहको हालको स्थितिको उदाहरण सहित मूल्यांकन गर्दै सार्वजनिक सेवा प्रवाहमा देखिएका मूलभूत समस्याहरू के-के हुन्? पहिचान गर्नुहोस् । पहिचान गरिएका समस्याको समाधान गरी सेवा प्रवाहलाई भरोसायोग्य र विधिसम्मत बनाउन के गर्नुपर्ला? समस्या समाधानको सुझावसहित कार्यान्वयनयोग्य कार्ययोजना प्रस्तुत गर्नुहोस् । ५+५+१०=२०

### खण्ड "ख" — ५० अङ्क

५. सार्वजनिक खरिद प्रक्रियालाई छिटो, छरितो, भरपर्दो, प्रतिस्पर्धी र सहज बनाउन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएका कतिपय प्रावधान अव्यवहारिक छन् भन्ने गरिन्छ । यसमा कत्तिको सत्यता छ? प्रचलित कानूनी व्यवस्थाका आधारमा विवेचना गर्दै खरिद प्रणालीलाई प्रतिस्पर्धी र प्रभावकारी बनाउन उक्त ऐन तथा नियमावलीमा के-कस्ता प्रावधान राख्न उपयुक्त हुन्छ? कारणसहित सुझाव दिनुहोस् । ५+५=१०

६. नेपाल नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरूको लागि प्राधिकरणले उपलब्ध गराएको मौद्रिक तथा गैर मौद्रिक सुविधाको विश्लेषण गर्दै प्राधिकरणले संस्था भित्रका कर्मचारीलाई उत्प्रेरित गर्न प्रचलित कानूनमा के-कस्ता व्यवस्था गर्न औचित्यपूर्ण हुन्छ? सुझाव दिनुहोस् । ५+५=१०

क्रमशः

७. नेपालको सार्वजनिक प्रशासनमा नैतिकता र सदाचारको विद्यमान अवस्थाको विवेचना गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणमा नैतिकता र सदाचार प्रबर्द्धनका प्रभावकारी उपायहरू के-के हुन सक्छन्? सुझाव दिनुहोस् । ५+५=१०

८. उच्च हिमाल, पहाडजस्ता जटिल भू-बनौट तथा प्राकृतिक सौन्दर्य, पुरातात्विक महत्व, जैविक विविधता, अनुपम दृश्यावलोकन जस्ता कार्यका लागि नेपालमा हवाई क्षेत्रको विशेष महत्व रहेको छ । यस्तै गरी सडक यातायात सेवाबाट वञ्चित क्षेत्रका लागि हवाई सेवाको पहुँच पुऱ्याउन तथा अन्तर्राष्ट्रिय आवागमनको लागि समेत यस क्षेत्रको भूमिका अहम रहेको छ । यसै सिलसिलामा नेपालको नागरिक उड्डयन क्षेत्रको विकास भइरहेको छ । नेपालको हवाई यातायातको क्षेत्रमा नियामक, सेवा प्रदायक संस्थाको भूमिका निर्वाह गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन), हवाई परिवहन (हवाई ट्रान्सपोर्टेशन) सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउने उद्देश्यले स्थापित नागरिक उड्डयन प्राधिकरण यस क्षेत्रका समस्याबाट विमुख हुन सकेको भने छैन ।

प्रस्तुत सन्दर्भमा नेपालको हवाई उड्डयन क्षेत्रको विकासको विद्यमान अवस्था, यस क्षेत्रसँग सम्बन्धित नीति तथा संरचनाको छोटकरीमा विवेचना गर्दै यस क्षेत्रको विकासमा देखापरेका चुनौती तथा समस्याहरूको चर्चा गर्नुहोस् । यस्ता चुनौती तथा समस्यालाई सम्बोधन गर्दै नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित, भरपर्दो र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन के-कस्ता सुधारहरू गर्नुपर्ला? सुझाव सहित कार्यान्वयनयोग्य कार्ययोजना प्रस्तुत गर्नुहोस् । १०+१०=२०

:: समाप्त ::